राष्ट्र निर्माण हाम्रो लक्ष्य

# नेपाल टेलिकम
# NEPAL TELECOM


प.सं. ०८२।८३
च.नं. प्रे.वि.नं. १७

मिति ०८२।१।२५

### Pay-As-You-Go सुविधा सक्रिय वा निष्क्रिय गर्न सकिने र ३० दिन समयावधिको प्याक सम्बन्धमा

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमले जीएसएम प्रिपेड तथा पोस्टपेड मोबाइल सेवामा उपलब्ध गराएको डाटा सुविधा ग्राहकहरुले प्याकेज खरिद गरेर वा प्याकेज खरिद नगरेर नियमित शुल्क भुक्तानी गरी (Pay-As-You-Go, PayG) प्रयोग गरिरहेकोमा अब प्याकेज खरिद गरेका ग्राहकहरुले आफैं PayG सुविधा सक्रिय वा निष्क्रिय गर्न सक्ने व्यवस्था गरिएको छ ।

यसका लागि ग्राहकले आफ्नो मोबाइलबाट *४४४# डायल गर्नुपर्नेछ । त्यसपछि ४ नम्बर छनोट गरे पछि यो सुविधा सक्रिय, निष्क्रिय गर्न र यसको अवस्था थाहा पाउन क्रमश: १, २ र ३ थिच्न सकिन्छ ।

नेपाल टेलिकमले ग्राहकहरुको माग बमोजिम विभिन्न प्रकारका आकर्षक डाटा प्याकेज उपलब्ध गराइरहेको छ । डाटा प्याकेज खरिद गरी सेवा उपभोग गर्ने ग्राहकहरुको सन्दर्भमा डाटा भोल्युम ८० प्रतिशत खपत भएको अवस्थामा, डाटा भोल्युम समाप्त भए पश्चात वा डाटा प्याकेजको समयावधि समाप्त भए पश्चात ग्राहकहरुलाई जानकारी दिन एसएमएस पठाउने व्यवस्था मिलाइएकोमा अब ९० प्रतिशत खपत भए पश्चात एसएमएस मार्फत जानकारी गराइने छ । डाटा प्याकेजको भोल्युम वा समयावधि समाप्त भए पश्चात ग्राहकहरुले डाटा सेवाको प्रयोग निरन्तर राखेमा मेन ब्यालेन्सबाट डाटा चल्ने र चलेको भोल्युम अनुसार शुल्क काटिने व्यवस्था थियो ।

प्याकेज खरिद गरेका ग्राहकहरुले PayG सुविधा पहिले नै निष्क्रिय गराएको अवस्थामा प्याकेज सकिए पछि मेन ब्यालेन्सबाट डाटा चल्ने छैन । प्याकेज नलिई डाटा चलाउन आवश्यक भएका ग्राहकहरुले भने यो सुविधा सक्रिय राख्न सक्नु हुनेछ ।

यसरी डाटा सेवा निरन्तर प्रयोग गर्दा PayG मा नजाने व्यवस्थाका लागि विभिन्न माध्यमबाट अनुरोध गरिएको थियो । नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२।१।१३ को निर्णय बमोजिम नतिजामा आधारित शासकीय प्रबन्ध कार्यान्वयन गर्ने उद्देश्यले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुधारात्मक कार्ययोजनाको बुँदा नम्बर ४ मा समेत 'Pay-As-You-Go निष्क्रिय गर्ने विकल्प दिइने' भन्ने उल्लेख छ । मन्त्रालयको निर्देशन अनुसार पनि कम्पनीले Pay-As-You-Go निष्क्रिय गर्ने विकल्प उपलब्ध गराएको हो ।

आगामी दिनमा नेपाल टेलिकम एपबाट समेत यो सेवा सक्रिया वा निष्क्रिय गर्न सकिने विकल्प क्रमश: उपलब्ध हुनेछ ।

**३० दिनको प्याक**
प्रिपेड मोबाइलमा उपलब्ध गराइएका प्याकेजहरुको समयावधि (Validity) २८ दिनको सट्टा ३० दिन कायम हुनुपर्ने माग भए बमोजिम हाल 'प्रिपेड कम्बो २९९' प्याक सञ्चालनमा ल्याइएको छ । रु. २९९ मा उपलब्ध हुने उक्त प्याक प्रयोग गरी सबै नेटवर्कमा ३०० मिनेट कल गर्न, ४ जीबी डाटा चलाउन र कम्पनीको नेटवर्कमा २० वटा एसएमएस पठाउन सकिने छ । आगामी दिनमा ३० दिन समयावधिको अन्य प्याकहरु क्रमश: बनाइने छ ।

रविन्द्र मानन्धर
प्रवक्ता


सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२